# छैठौ बैठक

आज मिति २०७९ साल असार २९ गते बुधबारको दिन १:०० बजे दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिकाको **छैठौ** बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री **लोकेन्द्र राई** ज्यूको अध्यक्षतामा बसेको बैठकमा तपशील बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशीलका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

१. गाउँ कार्यपालिका अध्यक्ष श्री लोकेन्द्र राई

२. गाउँ कार्यपालिका उपाध्यक्ष श्री अरुणा थापा मगर

३. वडा नं. १ का वडाध्यक्ष श्री केशव कुमार खत्री

४. वडा नं. २ का वडाध्यक्ष श्री बद्री कटुवाल

५. वडा नं. ३ का वडाध्यक्ष श्री भुपेन्द्र बस्नेत

६. वडा नं. ४ का वडाध्यक्ष श्री बबेन्द्र राई

७. वडा नं. ५ का वडाध्यक्ष श्री डम्बर बहादुर खड्का

८. वडा नं. ६ का वडाध्यक्ष श्री मिलन राई

९. वडा नं. ७ का वडाध्यक्ष श्री गन्धमान थापा

१०. गाउँ कार्यपालिका सदस्य श्री विमला परियार

११. गाउँ कार्यपालिका सदस्य श्री निर्मला श्रेष्ठ (मकाजु)

१२. गाउँ कार्यपालिका सदस्य श्री कृष्ण कुमारी राई

१३. गाउँ कार्यपालिका सदस्य श्री स्वास्तिका भुजेल

१४. गाउँ कार्यपालिका सदस्य श्री कला परियार

१५. गाउँ कार्यपालिका सदस्य श्री सुब्बा माझी

१६. प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव) श्री लोकेन्द्र बहादुर राई

**प्रस्तावहरुः-**

१. कर्मचारी प्रोत्साहन भत्ता निर्देशिका, २०७६ सम्बन्धमा
२. कोभिड अस्पताल सम्बन्धमा
३. विविध सम्बन्धमा

## निर्णयहरुः-

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यापालिकाको कार्यालयमा र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई राजस्व क्षमता र कार्यभार तथा लोडको कारण २०७६ सालदेखि कर्मचारी प्रोत्साहन भत्ता निर्देशिका, २०७६ बमोजिम भत्ता दिदै आएकोमा कार्यालयलाई आर्थिक भार बढी परेको र कर्मचारीहरुको पदपूर्ति हुदै गएकोले कर्मचारीहरुलाई कामको भार पनि कम हुदै गएको हुदाँ कार्यालय समय भन्दा बढी र कामको भार बढी भएको शाखाका कर्मचारीहरुलाई आवश्यक प्रोत्साहन व्यवस्था गर्ने गरी कर्मचारी प्रोत्साहन निर्देशिका, २०७६ खारेज गर्ने भनी सर्वसहमतमा निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा विश्व महामारीको रुपमा कोभिड-१९ आएसँगै नेपाल सरकारको अनुदानमा हरेक गाउँपालिकामा कोभिड अस्पताल स्थापना गर्नेगरी व्यवस्था भए बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिकामा स्थापना भएको कोभिड अस्पतालको लागि २०७८ पुस मसान्त देखि नेपाल सरकारबाट अनुदान नआएको र विश्वभरी कोभिड संक्रमण न्यून देखिएको लगायत यस गाउँपालिकाका पनि कोभिड संक्रमण नदेखिएकोले कोभिड अस्पताल बन्द गर्ने, सो अस्पतालमा कार्यरत कर्मचारीहरुको म्याद थप नगर्ने, अस्पतालमा भएको सबै सामग्रीहरु त्यही भवनमा व्यवस्थित रुपमा राख्ने, स्वास्थ्य चौकी, याम्खालाई त्यही भवनमा सार्ने काम गरी अस्पतालको सामग्रीहरु स्वास्थ्य चौकी याम्खालाई व्यवस्थापनको जिम्मा दिने गरी सर्वसहमतमा निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अन्य विषय नभएकोले आजको कार्यपालिका बैठक समापन गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत